# काठमाडौं महानगरपालिका

## महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागदरवार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

(कानून महाशाखा)

प.सं. ०७५।०७६
च.नं.....५८८

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बागदरवार, काठमाडौं

श्री सवै वडा कार्यालय,
का.म.पा. ।

मिति : २०७५।१०।२३

विषय : उजुरी दर्ता सम्वन्धमा ।

प्रस्तुत विषयमा, काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधी) ऐन, २०७५ को दफा २६ मा **भवन निर्माण ईजाजत प्रकृयामा संधियारको तर्फबाट पेश हुने उजुरी सम्वन्धित वडाको वडा अध्यक्ष वा न्याय प्रशासक वा भवन निर्माण ईजाजत विभागको बिभागीय प्रमुख समक्ष तोकिएको म्यादभित्र दर्ता गर्न सकिने** भन्ने उजुरी दर्ता सम्वन्धी विशेष व्यवस्था रहेको हुदाँ त्यस प्रकृतिका उजुरी दर्ता गरी आवश्यक कारवाहीको लागि यस महाशाखामा प्रेषित हुन अनुरोध गरिन्छ । साथै विवाद निरुपण सम्वन्धी काम कारबाही काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधी) ऐन, २०७५ बमोजिम हुने भएकोले सो ऐनको एकप्रति राजपत्रसमेत यसैसाथ पठाईएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

**उजुरीकर्ताले उजुरीसाथ पेश गर्नु पर्ने कागजातहरु :**

१. काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधी) ऐन, २०७५ को दफा ३ अनुसारको अनुसूची-१ मा उल्लेखित ढाँचाँको रितपुर्वकको उजुरी ।
२. उजुरीकर्ताको नागरिकताको प्रतिलिपी ।
३. प्रतिवादीको किटानी नाम, थर, ठेगाना र सर्म्पक नम्बर ।
४. नापी नक्साको सक्कल प्रति ।
५. उजुरीकर्ताको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी ।
६. उजुरी दस्तुर रु २००।-
७. आवश्यक अन्य प्रमाण कागजातहरु ।

२०७५।१०।२३
वसन्त आचार्य
न्याय प्रशासक

**सादर अवगतार्थ :**
श्रीमान् प्रमुखज्यू,
श्रीमान् उपप्रमुखज्यू,
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ।

कार्यार्थ :
**श्री भवन निर्माण ईजाजत विभाग** : तहाँ विभागका विभागीय प्रमुख समक्ष भवन निर्माणसँग सम्वन्धीत उजुरी दर्ता हुन आएमा रितपुर्वक दर्ता गरी प्रेषित गर्नुहुन ।
**श्री सुचना प्रविधी शाखा :** वेभसाईटमा अपलोड गरि दिनुहुन ।

बागदरवार, काठमाडौं, नेपाल, फोन नं. :+९७७-०१-४२३१४७७, फ्याक्स नं.:+९७७-०१-४२६८५०९
E-mail : ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, Website:www.kathmandu.gov.np